महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

माई नगरपालिका

इलाम

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

माई नगरपालिका

इलाम



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

माई नगरपालिका

इलाम

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै, गएको बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ९३ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
माई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
इलाम ।

कैफियतसहितको राय

हामीले माई नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.७ करोड ७४ लाख ५१ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु.५ करोड ४६ लाख ७१ हजार फस्र्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.६ लाख ६८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ५० लाख ८८ हजार, नियमित गर्नुपर्ने रु.२७ लाख ७४ हजार र पेश्की रू.४२ लाख ५० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.४६ करोड ८६ लाख ९६ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.४५ करोड २६ लाख ३८ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत

आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

माई नगरपालिका, इलाम

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
२३	१०९	७७४५१	०	१२	५४६७१	२३	९७	२२७८०	६६८	२७७४	१५०८८	०	०	१७८६२	४२५०

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

क.सं	*प्रारम्भिक प्रतिवेदनको दफा नं.*	*छोटकरी व्यहोरा*	*रकम रु.*
१	*५*	*बढी भुक्तानी रकम असुल*	*१७२२५*
२	*६*	*बढी भुक्तानी रकम असुल*	*२२०००*
३	*२२*	*सामाजिक सुरक्षाको बाँकी रकम संघीय संचित कोषमा फिर्ता*	*१६८६८०२*
४	*२३*	*सामाजिक सुरक्षाको लगत कट्टा रकम संघीय संचित कोषमा फिर्ता*	*४०३०७३*
५	*२७*	*बढी भुक्तानी रकम असुल गरी दाखिला*	*३४००*
६	*२८*	*सामाजिक सुरक्षा कर दाखिला*	*४४००*
७	*३२*	*शिक्षक पारिश्रमिक बढी भुक्तानी असुल*	*४२९४*
८	*३४*	*विद्यालय भवनको कार्यसम्पन्न प्रतिवेदन पेश*	*६५००००*
९	*३६*	*३ जनाको कर असुल गरी दाखिला*	*३००००*
१०	*६२*	*घटी जिम्मेवारी सारेको रकमको प्रमाण पेश*	*५१८५००७८।१४*
		जम्मा रु.	*५४६७१२७२।१४*

२. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
इलाम	४६८६९६	०	३८८३८	४२९८५८	०	२२७८०	४५२६३८

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : माई नगरपालिका, इलाम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	गणेश अधिकारी	२०७८-११-११	हाल सम्म कार्यरत
लेखा प्रमुख	क्षेत्र नाथ शर्मा	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	२२,७८०,३४१.३५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१३,८१,३७,८८८.६७	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४३,८९,८५,२४०	**चालु खर्च**	३०,१७,२९,८३१
प्रदेश सरकारबाट अनुदान	४,३५,७२,१९९	**पूँजीगत खर्च**	२२,५०,२०,६३४
राजश्व बाँडफाँट	१०,५७,२८,६५२.७६	**वित्तीय/अन्य व्यवस्था**	२१,३६,५७,८६१.०१
आन्तरिक आय	२,१४,८५,३७९.२१		
अन्य आय	१३,१६,१७,१९७.०२		
कुल आय	७४,१३,८८,६६७.९९	**कुल खर्च**	७४,०४,०८,३२६.०१
बाँकी मौज्दात		१३,९१,१८,२३०.६५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			. उल्लेखित कारोबारको लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, प्रेसित आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्वपत्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरणसमेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न अनुसार छनः	
२			**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस माई नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५३ सभा सदस्य, २४६.११ वर्ग किलोमिटर क्षेत्रफल तथा ३२ हजार ५७६ जनसंख्या रहेको छ ।	
३			**वित्तीय विवरण** आर्थिक वर्ष २०७८/०७९ को स्थानीय संचितकोष आय -व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः नगरपालिकालाई एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक लेखामान (NEPSAS) बमोजिमका फारमहरु सहितको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७२) उपलब्ध गराउन माँग गरिएकोमा सो अनुसारको विवरण प्राप्त भएको छ । सो अनुसार नगरपालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(see table below)	

आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२								
प्राप्ती भुक्तानी हिसाव								
विवरण	टिप्पणी	यस वर्ष रु.				गत वर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		६५,८०,३२,२४४.८०	६४,१४,८४,७४१.२५	७५,६५,०००	६४,९०,४९,७४१.२५	५७,२८,०७,९१४.२९		५७,२८,०७,९१४.२९
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		६२,०३,२२,२४०	५९,८२,७९,२७१.९७	७५,६५,०००	६०,५८,४४,२७१.९७	५०,९८,९४,०२०.५५	०	५०,९८,९४,०२०.५५
११००० कर	११	११,०५,७०,०००	१०,७६,६३,९३३.११	०	१०,७६,६३,९३३.११	९,८१,७७,४५३.५५	०	९,८१,७७,४५३.५५
१३००० अनुदान		४८,३२,५२,२४०	४७,१५,९८,७३७	७५,६५,०००	४७,९१,६३,७३७	४०,३३,९८,९२६	०	४०,३३,९८,९२६
संघीय सरकार	१२	४४,२१,०७,२४०	४३,१४,२०,२४०	७५,६५,०००	४३,८९,८५,२४०	३८,३१,५३,०८०	०	३८,३१,५३,०८०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			प्रदेश सरकार	१२	३,९६,४५,०००	३,९६,४५,०००	०	३,९६,४५,०००	१,८३,३२,०००	०	१,८३,३२,०००	
			अन्तरिक श्रोत		१५,००,०००	५,३३,४९७	०	५,३३,४९७	०	०	०	
			जनसहभागिता		०	०	०	०	१९,१३,८४६	०	१९,१३,८४६	
			१४००० अन्य राजस्व		२,३५,००,०००	१,९०,०१,४८७.८६	०	१,९०,०१,४८७.८६	७७,८४,७०३	०	७७,८४,७०३	
			१५००० विविध प्राप्ति		३०,००,०००	१५,११४	०	१५,११४	५,३२,९३८	०	५,३२,९३८	
			ख. अन्य प्राप्ति		३,७७,१०,००४.८०	४,३२,०५,४६९.२८		४,३२,०५,४६९.२८	६,२९,१३,८९३.७४		६,२९,१३,८९३.७४	
			वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०	
			कोषहरु		३,७७,१०,००४.८०	३,२८,१७,६२४.२६	०	३,२८,१७,६२४.२६	५,२७,४२,९५०	०	५,२७,४२,९५०	
			धरौटी		०	१,०३,८७,८४५.०२	०	१,०३,८७,८४५.०२	१,०१,७०,९४३.७४	०	१,०१,७०,९४३.७४	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०	
			भुक्तानी (ग+घ)		७२,९३,१३,२७२.८०	५५,४२,६४,२४४.८९	२१,५०,०००	५५,६४,१४,२४४.८९	५०,०४,५१,१६९.०३		५०,०४,५१,१६९.०३	
			ग. भुक्तानी (सञ्चित कोषबाट)		६९,१६,०३,२६८	५२,४६,००,४६५	२१,५०,०००	५२,६७,५०,४६५	४६,५७,७८,५५६.०३		४६,५७,७८,५५६.०३	
			२१००० पारिश्रमिक / सुविधा	१८	१८,१४,५६,७७५	१६,५२,८५,९७७	०	१६,५२,८५,९७७	१४,४३,६५,२९४	०	१४,४३,६५,२९४	
			२२००० मालसामान तथा सेवाको उपयोग	१८	१३,८७,६६,८२९	१०,२४,६१,८००	०	१०,२४,६१,८००	६,१४,३३,२३८	०	६,१४,३३,२३८	
			२५००० सहायता (Subsidy)	१८	३,६३,२५,०००	२,५२,८४,१५३	०	२,५२,८४,१५३	२,३९,८३,२४६	०	२,३९,८३,२४६	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२६००० अनुदान	१८	०	०	०	०	३१,७५,९१०	०	३१,७५,९१०
२७००० सामाजिक सुरक्षा	१८	१,५७,२२,०००	७०,७५,८९१	०	७०,७५,८९१	२,२६,७६,२१७	०	२,२६,७६,२१७
२८००० अन्य खर्च	१८	१७,००,०००	१६,२२,०१०	०	१६,२२,०१०	१७,९३,०७८	०	१७,९३,०७८
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	३१,७६,३२,६६४	२२,२८,७०,६३४	२१,५०,०००	२२,५०,२०,६३४	२०,८३,५१,५७३.०३	०	२०,८३,५१,५७३.०३
घ. अन्य भूक्तानी		३,७७,१०,००४.८०	२,९६,६३,७७९.८९		२,९६,६३,७७९.८९	५०,०४,५१,१६९.०३		५०,०४,५१,१६९.०३
कोषहरु		३,७७,१०,००४.८०	२,२३,६०,५५१.८८	०	२,२३,६०,५५१.८८	२,३३,२२,०८१	०	२,३३,२२,०८१
धरौटी		०	७३,०३,२२८.०१	०	७३,०३,२२८.०१	१,१३,५०,५३२	०	१,१३,५०,५३२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
ङ. यो वर्षको बचत (न्युन)		(७,१२,८१,०२८)	८,७२,२०,४९६.३६	५४,१५,०००	९,२६,३५,४९६.३६	७,२३,५६,७४५.२६		७,२३,५६,७४५.२६
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			८,६२,८७,८१०.५३		८,६२,८७,८१०.५३	६,५६,८५,०५९.४१		६,५६,८५,०५९.४१
वर्षान्तको बाकी रकम (ङ + च)		(७,१२,८१,०२८)	१७,३५,०८,३०६.८९	५४,१५,०००	१७,८९,२३,३०६.८९	१३,८०,४१,८०४.६७		१३,८०,४१,८०४.६७
बैंक तथा नगद बाकी	२४		१७,८९,२३,३०६.८९		१७,८९,२३,३०६.८९	१४,००,०२,१०१.४६		१४,००,०२,१०१.४६

कार्यालयले आर्थिक वर्ष समाप्त भएपछि नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) को ढाँचामा म.ले.प. फाराम नं २७२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			वित्तीय विवरण तयार गरेको छ । वित्तीय विवरणको टिप्पणी २५ मा सम्पत्तिको विवरण समावेश गरेको छैन । त्यस्तै अनुसूची २४ मा बैंक बमोजिमको मौज्दात खुलेको देखिएन । तसर्थ वित्तीय विवरण पूर्ण छ भन्न सकिएन । ढाँचामा निर्धारण गरिएका विवरणहरू पूर्ण रूपमा तयार गर्नु पर्दछ ।	
४			**ऐन तथा कार्यविधि निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने र ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था छ । पालिकाले ५ वटा ऐन तथा कार्यविधि बनाए वापत सामुदायिक विकास समाज विराटनगरलाई रु.३९९४५५/- भुक्तानी दिएको देखियो । स्थानिय तहलाई आवश्यक ३० वटा ऐनको नमुना संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयले प्रत्येक स्थानिय तहलाई पठाएको तथा सोही अनुसार आवश्यक अन्य कानुनहरु नगर सभाले तयार गर्नुपर्नेमा ऐन तथा कार्यविधिको विवरण साथै नमुना कानुन र कार्यालयको जनशक्तिबाट हुन नसक्ने आधार प्रमाण वेगर वाह्य परामर्शदाता बाट ऐन तथा कार्यविधि तयार गरी खर्च लेखेको औचित्यपूर्ण नदेखिएको रु.	३९९,४४५
५			**बढी भुक्तानीः** ✂ .... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु.१७२२५।- सम्परीक्षण गरिएको ।)*	०
६			**विलभरपाई भन्दा बढी भुक्तानीः** ✂ ....*(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु. २२०००।- सम्परीक्षण गरिएको ।)*	०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>
आन्तरिक लेखापरीक्षणः
आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका निम्न व्यहोराहरु असुल फछ्यौंट भएको देखिएन । नियमानुसार आन्तरीक लेखापरिक्षबाट कायम भएका बेरुजु असुल फछ्यौंट गर्नुपर्दछ रु
<table>
<tr><th>भौ.नं./ मिति</th><th>व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७२-०७८।९।१२</td><td>आशा चेम्जोङले रकम बुझेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>९०००/-</td></tr>
<tr><td>२१९-०७८।१०।४</td><td>वडा सचिव रमेश कुमार गिरीलाई वडाको प्रशासनिक खर्चको रकम भुक्तानी दिएकोमा अग्रिम कर कट्टा नगरेकोले असुल गर्नुपर्ने रु.</td><td>१११५/-</td></tr>
<tr><td>२५१ -०७८।१०।१०</td><td>विभिन्न कर्मचारीलाई भुक्तानी भएको फिल्ड भत्ता असुल गर्नुपर्ने रु.</td><td>१४८३६/-</td></tr>
<tr><td>५५४-०७९।३।२२</td><td>अपाङ्ग लक्षित कार्यक्रमको लागि खरिद भएका सामग्रि वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१५७२९९।२३</td></tr>
<tr><td>५६३-०७९।३।२४</td><td>जनस्वास्थय निरीक्षक पुस्कर कट्टेलले कर्मचारी र जनप्रतिनिधि क्षमता विकास तालिम कार्यक्रमको पेश्की फछ्यौंट गर्दा घटी विल भरपाई पेश गरेको असुल गर्नुपर्ने रु.</td><td>१७२५०/-</td></tr>
<tr><td>२१९-०७९।३।२३</td><td>MIS Operator होमनाथ अधिकारीलाई घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धि तालिममा सहभागिलाई भत्ता वितरण गर्न भुक्तानी दिएकोमा सम्बन्धितलाई भत्ता बुझाएको नदेखिएकोले प्रमाण पेश</td><td>६२३००/-</td></tr>
</table>
</td><td>३८९,७२१.२३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>२२७-०७९।३।२४</td><td>PVC Visit कार्यक्रमको लागि खरिद भएको ५९ थान ल्यापटप व्याग वितरण गरेको भरपाई पेश नभएको रु.</td><td>९९६७१/-</td></tr>
<tr><td>२४८-०७९/३/२५</td><td>On site coaching कार्यक्रम संचालन गर्दा कर कट्टा नगरेको रकम असुल गर्नुपर्ने रु.</td><td>७५०/-</td></tr>
<tr><td>३४- ०७९।१।८</td><td>अ न मी कोपिला खड्काको कार्यक्रम संचालन पेश्की फछ्र्यौट गर्दा कर कट्टा गरेको नदेखिएकोले असुल गर्नुपर्ने रु.</td><td>१५००/-</td></tr>
<tr><td>१७</td><td>मू अ करमा दर्ता नभएकासँग मास्क खरिद गरि सो को भुक्तानी टुक्रे बिलबाट गरेकोले अनियमित रु.</td><td>३५०००/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३८९७२१/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>बीमाः
ठेक्का NCB work 01/078-079 का निर्माण व्यवसायी भोजक निर्माण सेवासँग मिति २०७९/१/१५ सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी मिति २०७८।०९।१८ मा रू. ३१३३८९३.७३ को सम्झौता भएको देखियो । निर्माण व्यवसायिलाई भेरिएसन समेत अन्तिम विलसम्म रु.३२०५८३३।०६ भुक्तानि दिएकोमा निर्माण अवधि २०७९/१/१५ समाप्त भएपछि मिति २०७९।०३।०१ मा विमागरेको विमालेखको आधारमा रू.१९,१०२/- भुक्तानी दिएकोले निर्माण कार्य समाप्त भएपछि गरेको विमा वापत भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.</td><td>१९,१०२</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९			**आन्तरीक आयः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९मा राजस्वको आम्दानी गर्दा आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्दान्त अनुसार राजश्व लेखा अद्यावधिक हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक राजश्व वापत रु.४,००,००,०००/- अनुमान गरेकोमा एकीकृत वित्तिय विवरणमा रु २,१४,८५,३७९/२१ आम्दानी देखाएको रकमको गोश्वारा भौचर लगायत म.ले.प. फारामहरु दैनिक आम्दानी टिपोट,दैनिक दाखिला,मास्केवारी एवं स्रोतगत राजस्व आम्दानी देखिने गरी अभिलेख राखेको देखिएन । राजश्व आम्दानीमा प्रयोग हुने फारमहरु प्रयोग नगरी एकमुष्ट राजश्व आम्दानी देखाउदा आर्थिक विवरणमा देखाएको आम्दानीको यथार्थता एकीन गर्न सकिदैन । राजश्व आम्दानीमा प्रयोग हुने सम्पूर्ण म.ले.प. फारमहरु प्रयोग गरी राजश्व आम्दानीको अभिलेख अद्यावधिक हुनुपर्दछ ।	
१०			**प्रदेश संचितकोष दाखिलाः** प्रदेश सरकारको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको ऐन, २०७७ को दफा ८ को उपदफा ५ बमोजिम प्राकृतिक श्रोत तथा विक्री शुल्कको संकलित रकमको बाँडफाँड गरी चालिस प्रतिशत हुने रकम प्रदेश संचित कोषमा दाखिला गरिने छ भनी उल्लेख भएकोमा नगपालिकाले ढुङ्गा, गिटी, बालुवा बिक्रि शुल्क वापत असुल गरेको रु.२८३२५२०/- को ४०% ले हुने रकम रु.११३३००८/- प्रदेश संचितकोषमा दाखिला गरेको देखिएन । प्राकृतिक श्रोत तथा विक्री शुल्क वापत प्राप्त रकम नियमानुसार बाँडफाँड गरी प्रदेश संचितकोष दाखिला गर्नुपर्ने रु.	१,१३३,००८
११			**वडा कार्यालय भवन डि.पि.आर निर्माणः** वडा नं. १,३,४,५,६,८ र १० का वडा कार्यालय भवन निर्माण कार्यको डि.पि.आर. को लागि प्रति वडाकार्यालय रु.१,४२,९४५।— को दरले जम्मा रु.१०,००,६१५।—लागत अनुमान तयार गरी सबै भन्दा घटी आर्थिक प्रस्ताव पेश गर्ने द सेफ ब्यूल्ड डिजाइन कन्सल्ट सँग रु. १०,००,६१५।— मा सम्झौता गरी भुक्तानी दिएको देखियो । कार्यालयमा प्राविधिक जनशक्ति कार्यरत रहेको अवस्थामा कार्यालयको जनशक्तिबाट सो कार्य हुन सक्ने नसक्ने विश्लेषण नगरी लागत अनुमानकै रकममा समझौता गरी विस्तृत आयोजना प्रतिवेदन तयारी कार्य गराएको देखियो । तयार भएको आयोजना प्रतिवेदन	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुसार निर्माण कार्यको प्रकृया अगाडि बढेको सम्बन्धमा प्रगतीमाँग गर्दा प्रकृयारत रहेको जानकारी प्राप्त भएको छ । कार्यालयकै जनशक्तिबाट हुन सक्ने कार्यको लागि वाह्य परामर्शदातासँग सम्झौता गरी भुक्तानी दिने कार्यमा नियन्त्र गरी जटिल प्रकृतिका आयोजनाहरुको आयोजना प्रतिवेदन मात्र वाह्य परामर्शदाता बाट गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>कम अनुपाति कट्टी गरेकोः
सार्वजनिक खरिद नियमावलीको नियम ९७ को उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा सोही नियमावलीको उपनियम ३ को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेस्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमका उ.स.ले काम गरेको बिलबाट कार्य सम्पन्न को आधारमा श्रमदान २०% का दरले कटाई बाकी रकम भुक्तानी गर्नपर्नेमा अनुपातिक कट्टी रकम घटी भएकोले देखियो कम आनुपातिक कट्टी गरेको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>भुक्तानी रकम</th><th>कार्यसम्पन्न रकम</th><th>आनुपातिक रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>१६१/११-१५</td><td>गणेश पंचायन मन्दिर निर्माण कार्य माई-९ उ.स.</td><td>३,००,०००।-</td><td>३,४७,६७९।-</td><td>२,७८,१४३।-</td><td>२१,८५७।-</td></tr>
<tr><td>२</td><td>२६०/१२-१०</td><td>चर्जबाट साठी मुरे जाने बाटो उ.स. माई ४</td><td>१,८७,३१४।-</td><td>२,२९,१४२।-</td><td>१,८३,३१४।-</td><td>४,०००।-</td></tr>
<tr><td>३</td><td>५९६/३-४</td><td>चिया मजदुर शालिक निर्माण उ.स. माई-९</td><td>३,६६,२३४।-</td><td>४,०६,९२७।-</td><td>३,१५,५४२।-</td><td>४०,६९२।-</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>६६,५४९।-</td></tr>
</table></td><td>६६,५४९</td></tr>
<tr><td>१३</td><td></td><td></td><td>साना सिंचाईः
साझेदारी लगानी आयोजनमा खर्च गर्दा सम्झौतामा उल्लेखित अनुपात अनुसारको श्रोतबाट खर्च लेख्नु पर्दछ । साना सिंचाई</td><td>१,४७०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यक्रममा कुल लागतमा उपभोक्ता, स्थानिय सरकार, प्रदेश सरकार, संघीय सरकार तथा स्वीस सरकारको सहभागिता क्रमशः १०, २०, २०, २० र ३० प्रतिशत रहेकोमा सम्झौता अनुसार गर्नुपर्ने खर्च अनुपात निम्नानुसार प्रदेश सरकार तथा स्वीस सरकार तर्फको न्यून खर्च गरी अन्य श्रोतबाट खर्च गरेको देखियो । श्रोतगत खर्च मिलान गरि प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क. सं.</th><th>खर्च विवरण</th><th>खर्च प्रतिशत</th><th>खर्च रकम</th><th>न्यून खर्च</th></tr>
<tr><td>१</td><td>आयोजनाको कुल लागत</td><td></td><td>८०१०२४३।०४</td><td></td></tr>
<tr><td>२</td><td>उपभोक्ता समिति</td><td>०</td><td>०</td><td>२१००००/-</td></tr>
<tr><td>३</td><td>संघीय सरकार</td><td>०</td><td>०</td><td>४२००००/-</td></tr>
<tr><td>४</td><td>प्रदेश सरकार</td><td>०</td><td>०</td><td>४२००००/-</td></tr>
<tr><td>५</td><td>स्थानिय तह</td><td>०</td><td>०</td><td>४२००००/-</td></tr>
<tr><td>६</td><td>स्वीस सरकार</td><td>१००</td><td>२१०००००/-</td><td></td></tr>
<tr><td>७</td><td>हाल सम्मको जम्मा खर्च</td><td>१००</td><td>२१०००००/-</td><td>१४७००००/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>बीमा वापतको रकम भुक्तानीः
ठेक्का नं. NCB work 12-077/078 आचार्य कन्ट्रक्सन सँग मिति २०७७।१२।३१ मा रू. ८१,३८,०८०/- भ्याट समेत सम्झौता भई कार्य २०७८।१२।३० मा सम्पन्न गर्ने गरि काम प्रारम्भ भएकोमा मिति २०७८।१०।२० मा ८५६४८५९.५१ (५.५९% वृद्धि) कार्यपालिका बैठकले VO गरी सम्पन्न भएको देखिएकोमा मिति २०७८ पौष २७ मा विमा गरी रू.२८,०२०।- भुक्तानी लिएकोले विमा अवधिको recover समयको आधारमा दामासाहिले २७२ दिन को नपाउने रकम रू.२१,१७०/- असुल गर्नु पर्ने रू.</td><td>२१,१७०</td></tr>
<tr><td>१५</td><td></td><td></td><td>जाजिटार किरातचोक ढिडीटार सडक निर्माणः
४ ठे.न. NCB work 08/076/079 थपुराथुङ्ग कन्सट्रक्सन प्रा.लि ले ठेक्का रकम ३४,६५,७७९/८८ मा सम्झौता गरी जाजिटार</td><td>१७१,७०७.७३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>किरातचोक ढिडीटार सडक २०७८.१२.२८ मा सुरू गरी २०७९.०३.२४ मा सम्पन्न गरी रू. ३२,८४,७६९/- भुक्तानी गरेकोमा देखिएका व्यहोरा निम्न अनुसार छन् ।
(क) विमा अवधी २०७८.१२.२८-२०७९.०३.२४ सम्म ९० दिनको ३७,०१०/- PS items मा भुक्तानी लिएको ले निजको विमा लेख २०७९.०२.३१ वाट मात्र भएकोले दामासाहीले ६४ दिनको रू, २६,३६३.७३ वढी भुक्तानी भएको असुल गर्नु पर्ने रू.
(ख) ठेक्कामा ५% ले धरौटी कम कट्टा गर्नु पर्नेमा सो नगरी भुक्तानी भएकोले धरौटी वापत रू १,४५,३४४/- कट्टा गरी धरौटी खातामा राख्नु पर्ने रू.</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>मु.अ. कर र धरौटी कट्टी नभएकोः
मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को (तेहिसौं संसोधन) २०७८ को नियम ६ ग(१) सरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपुर्ती हुने वस्तु, सेवा वा दुवै आपुर्ती गरी सो बापतको रकम सम्बन्धित ठेकेदार वा आपुर्तीकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ।नगरपालिकाले कोटेशन मार्फत संचालन भएका योजनाहरूको भुक्तानी दिंदा नियमावलीमा व्यावस्था भए बमोजिम भ्याट रकम मा ३०% कट्टा गर्नु पर्ने र धरौट वापत ५% कट्टा गर्नु पर्ने व्यावस्था रहेकोमा सो अनुसार कट्टा गरेको नदेखिएको कट्टा गरी भ्याट र धरौटी रकम दाखिला हुनु पर्ने रू.
<table>
<tr><th>भौचर नं.र मिति</th><th>निर्माण व्यवसायी</th><th>भुक्तानी रकम</th><th>मू.अ.कर कट्टी नभएको</th><th>धरौटी कट्टी नभएको</th></tr>
<tr><td>328/078.12.29</td><td>कन्काई निर्माण सेवा</td><td>476248 l -</td><td>16437 l -</td><td></td></tr>
<tr><td>515/079.03.15</td><td>श्री कृष्ण नारायण निर्माण सेवा</td><td>389996 l -</td><td>13460</td><td></td></tr>
<tr><td>614/079.03.25</td><td>साम्राज्ञी निर्माण सेवा</td><td>328766 l -</td><td>11347</td><td>14547 l -</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>41244</td><td>14547</td></tr>
</table></td><td>५५,७९१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७</td><td>४४</td><td>२०७९-३-२१</td><td>कार्य सम्पन्न प्रतिवेदनः
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा सार्वजनिक निकायले बिल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले बाढी नियन्त्रणका लागि २०१ थान तारजाली खरिदगरी दुर्गा ईन्ड्रस्टिज प्रा. लि.लाई रु. ९९१८५७। भ्याट सहित भुक्तानी खर्च गरेकोमा तारजाली प्रयोग भएको प्राविधि विल संलग्न राखेको देखिएन । तारजाली प्रयोग भएको प्राविधिक विल, नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>९९१,८५७</td></tr>
<tr><td>१८</td><td></td><td></td><td>नन फाईलरः
मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले निम्न निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर समेत विल रकम भुक्तानी दिएकोमा आन्तरिक राजश्व विभागको वेवसाइटमा खोजिगर्दा निम्नानुसार ननफाइलर देखिएकोले मूल्य अभिवृद्धिकर वापत भुक्तानी दिएको रकमको कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>ठेक्का नं.</th><th>निर्माण व्यवसायी</th><th>स्थायी लेखा नं.</th><th>विल रकम</th><th>मू.अ. कर रकम</th></tr>
<tr><td>१०/ ०७८-७९</td><td>थपरा फुङ कन्सट्रक्सन प्रा.लि.</td><td>609711372</td><td>२०९६३६४/-</td><td>२४११७४/७३</td></tr>
<tr><td>३/ ०७८-७९</td><td>माई भगवती कन्स्ट्रसन</td><td>606853972</td><td>१४४०५५७/-</td><td>१६५७२७/८०</td></tr>
<tr><td>१/०७८-७९</td><td>माई भगवती कन्स्ट्रसन</td><td>606853972</td><td>१२६९८०१/-</td><td>१४६०८३/३०</td></tr>
<tr><td>८/०७८-७९</td><td>थपरा फुङ कन्सट्रक्सन प्रा.लि.</td><td>609711372</td><td>३२८४७६९/-</td><td>३७७८९३/७८</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>९३०८७९/-</td></tr>
</table></td><td>९३०,८७९.६१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td>३१</td><td>२०७९-३-२४</td><td>कम आनुपातिक कट्टीः
गरुवा खोला देखि वडा कार्यालय जानेवाटो स्तरोन्नती माई वडा नं. २ उ.स.सँग २०% उपभोक्ता समितिले व्यहोर्ने कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा फाइनल बिल पेश गर्दा रु.५,९७,८९९/- को कार्य सम्पन्न भएकोमा कार्यालयले रू.४,७८,३१९/- मात्र भुक्तानी गर्नु पर्नेमा रू.४,८५,९२५/- भुक्तानी भएकोले बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.</td><td>७,६०६</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>उ.स.मार्फत सामाग्री खरिदः
सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता,गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिनेछ भन्ने उल्लेख छ । पालिकाले निम्नानुसारका उपभोक्ता समिति मार्फत विभिन्न सामाग्री खरिद गरेको देखियो । उपभोक्ता समिति मार्फत सामग्री खरिद गरी भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ.चं./मिति</th><th>उ.स.को नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३५/०७८.०८.०२</td><td>विद्युत तार उपभोक्ता समिति</td><td>तार खरिद</td><td>१,५०,०००।-</td></tr>
<tr><td>३७/०७८.०८.०७</td><td>कन्काई कृतन मण्डली</td><td>बाजा खरिद</td><td>५०,०००।-</td></tr>
<tr><td>१२२/०७८.१०.१०</td><td>अनुग्रह बत्तिस चर्च घलेटार उ.स.९</td><td>बाजा खरिद</td><td>१,००,०००।-</td></tr>
<tr><td>५८२/०७९.०३.२२</td><td>सुखानी अध्ययन केन्द्र माई-४</td><td>कुर्सि सोफा दराज आदि खरिद</td><td>३,५०,०००।-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६,५०,०००।-</td></tr>
</table></td><td>६५०,०००</td></tr>
<tr><td>२१</td><td>६२</td><td>२०७९-३-२३</td><td>ईन्धन खर्चः
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा</td><td>४०८,९२७</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्दछ। यस नगरपालिकाले सडक तथा विभिन्न संरचना मर्मत वापत ईन्धन खर्च रु. ४०८९२७। गरुवा आयल स्टोरलाई भुक्तानी दिएको देखिन्छ। तर उक्त ईन्धन प्रयोग सम्बन्धमा प्राविधिक जाँच नभएको, कहाँ प्रयोग भएको तथा ईन्धन खर्चको लगवुक नभएकोले खर्च हुने पुष्टी नभएकोले उक्त खर्च लाई नियमित मान्न नसकिने रु.	
२२			**सञ्चित कोषमा फिर्ताः** ....*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९/१२/२१ को निर्णयबाट रु. १६८६८०२/- सम्परीक्षण गरिएको ।)*	०
२३			**सामाजिक सुरक्षा भत्ताको लगत कट्टा रकमः** .... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९/१२/२१ को निर्णयबाट रु. ४०३०७३/- सम्परीक्षण गरिएको ।)*	०
२४	१३२	२०७९-८-२२	**अन्य प्रयोजनमा खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाउने उल्लेख छ। नगरपालिकाले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको रेडक्रस कार्यालयलाई भवन निर्माणका लागि आर्थिक सहयोग वापत रु.२०००००। सहयोग गरेको देखियो। यसरी अन्य कार्यालयको प्रयोजनमा खर्च गर्दा नगरपालिकाको आफ्नो विकास निर्माण सम्वन्धि बजेटमा चाप पर्ने, कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा असर पर्ने हुँदा यस्तो खर्च नियन्त्रण हुनु पर्ने रु.	२००,०००
२५	५६३	२०७९-३-२४	**नर्म्स भन्दा बढी भुक्तानीः** नगरपालिकाले सञ्चालन गर्ने तालिम तथा कार्यक्रममा पालिकाद्धारा स्वीकृत दररेट अनुसार खर्च लेखुपर्दछ। हेल्थ असिस्टेन्ट	११८,३००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>श्री पुस्कर कट्टेलले जनप्रतिनिधि र कर्मचारी क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी पेश गरेको रु.४,६७,२५०/- श्रेस्ता परीक्षण गर्दा निम्नानुसार तालिम संचालनको नर्म्स भन्दा बढी भुक्तानी खर्च गरेको देखियो। नर्म्स भन्दा बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>सहभागि संख्या</th><th>नर्म्स अनुसार गर्नुपर्ने खर्च</th><th>गरेको खर्च</th><th>बढी भुक्तानी</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>खाजा</td><td>१४०</td><td>१९,६००/-</td><td>२८,०००/-</td><td>८,४००/-</td><td>२८ जना सहभागि प्रति दिन रु.१४० ले ५ दिनको दिनुपर्ने</td></tr>
<tr><td>२</td><td>सहभागी खर्च</td><td>२३</td><td>०</td><td>८४,०००/-</td><td>७१,४००/- (करकट्टी गरी)</td><td>नगरपालिका सभाहलमा कार्यक्रम भएकोमा दैनिक कार्यालय आउनुपर्ने पदाधिकारी तथा कर्मचारीलाई समेत दिएको।</td></tr>
<tr><td>३</td><td>तालिम सामाग्री</td><td></td><td>२,०००/-</td><td>४०,५००/-</td><td>३८,५००/-</td><td>७ दिन सम्मको कार्यक्रममा एकमुष्ठ रु.२,०००/- खर्च गर्नपाउने उल्लेख भएकोमा पेन ड्राइभ, फोटोकपी बाइन्डिङ्ग,मास्क लगायतको विल राखि बढी खर्च गरेको।</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td></td><td>१,१८,३००/-</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>उपभोक्ता मार्फत कर शिक्षा तालिम सञ्चालनः
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । कार्यालयले उद्योग वाणिज्य संघ सँगको</td><td>१६०,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सहकार्यमा कर शिक्षा कार्यक्रम सञ्चालन गर्दा व्यवसाय प्रवर्धन तथा कर शिक्षा उपभोक्ता समिति गठन गरी तालिम सञ्चालन गरेकोमा श्रेस्ता परीक्षण गर्दा उपभोक्ताले श्रमदान गर्न सक्ने कार्य देखिएन। लाभग्राही समुदाय सहभागि भई निर्माण कार्य गर्न नसक्ने कार्यको लागि उपभोक्ता समिति गठन गरी तालिम सञ्चालन गराई भुक्तानि दिएको नियमसम्मत नदेखिएको रु.	
२७			**बढी भुक्तानीः** *........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु.३४००।- सम्परीक्षण गरिएको ।)*	०
२८		२०७९-१-८	**सामाजिक सुरक्षा करः** *........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु.४४००।- सम्परीक्षण गरिएको ।)*	०
२९	८	२०७८-६-२४	**नापी किताव पेश नभएकोः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा खर्चको पर्याप्त पुष्ट्याई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। यस नगरपालिकाको वडा नं. २ सितली देखी नगरपालिका भवन अगाडी, नगरपालिका देखी गोल्टार जाने वाटो सम्म र चन्द्रज्योती स्कुल अगाडी मर्मत गर्दा ६० टयाक्टर मिक्सगिटी र ४ घण्टा जे.सि.वि. प्रयोग गरेको भनि विना प्राविधिक नापजाँच भुक्तानी गरेको रकम नियमित मान्न सकिएन। उक्त खर्चलाई पुष्टि गर्ने प्राविधिक स्टिमेट, नापी किताव, सम्झौताको बील भर्पाई तथा प्राविधिक विल पेश गर्ने रु.	३३,५८४
३०			**शिक्षकको पारिश्रमिकः** २०५७ साल श्रावण १ गते अघि नियुक्ती लिई प्राविधिक ग्रेड खाईपाई आएका शिक्षकहरुको प्राविधिक ग्रेड छुट भएको भनि प्राविधिक ग्रेड रकम सम्वन्धित विद्यालयको खातामा निकासा दिएको देखिएकोले उक्त अवधिमा निजहरुले प्राविधिक ग्रेड	२७४,७१८

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नखाएको प्रमाण पेश नभएको तथा उक्त रकम निजहरुलाई वितरण गरेको भर्पाई समेत पेश नभएकोले उक्त खर्च रकमलाई पुष्टी गर्ने कागजात पेश हुनुपर्ने रु.
<table>
<tr><th>शिक्षकको नाम</th><th>विद्यालयको नाम</th><th>भुक्तानी लिएको अवधि</th><th>भुक्तानी ग्रेड रकम</th></tr>
<tr><td>दाताराम गिरि</td><td>कन्काई मावि माई- २</td><td>२०७३।श्रावण देखी २०७८ पौष सम्म</td><td>१३५४१०</td></tr>
<tr><td>धनेन्द्र कार्की</td><td>कन्काई मावि माई- २</td><td>२०७३।श्रावण देखी २०७५।५।२२ सम्म</td><td>६१६१७</td></tr>
<tr><td>युवराज पोखरेल</td><td>कन्काई मावि माई- २</td><td>२०७३।श्रावण देखी २०७६।८।१३ सम्म</td><td>७७६९१</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२७४७१८।</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१</td><td>२२३</td><td>२०७८-३-२४</td><td>सेनेटरी प्याड खरिद तथा वितरणः
सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७७ को नियम ६(४) मा एक जना छात्रा विद्यार्थीलाई एक महिनावारी चक्रमा प्रतिमहिना १६ वटा (२ प्याड) वितरण गर्न सकिने व्यवस्था रहेकोमा यस नगरपालिकाले सेनेटरी प्याड १६६९६ प्याकेट प्रति प्याकेट भ्याट समेत रु.९९ का दरले रू.१६५२८९२। मा खरिद गरेको देखियो।१५ वटा विद्यालयलाई १५५४० प्याकेट वितरण गरेको भरपाइ पेश भएको छ। खरिद परिमाण १६६९६ प्याकेट र वितरण १५५४० प्याकेट भएकोले बाँकी मौज्दात ११५६ प्याकेट रहेकोमा रू.११४४४४। मूल्य वरावरको मौज्दात रहेकोले सो को आवश्यक भन्दा वढी खरिद गरि मौज्दात रहेको रू.114444।अनियमित देखिएको रु.</td><td>११४,४४४</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>शिक्षकको पारिश्रमिक वढी भुक्तानीः
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्दछ। देहायका शिक्षकहरूलाई नियुक्ति गर्दा हाजिर भएको दिन देखी तलव भत्ता भुक्तानी गर्नु पर्नेमा बढी भुक्तानी भएको रकम सम्बन्धीत विद्यालय वाट असुल गरि राजश्व</td><td>६०,७७०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दाखिला हुनुपर्ने रू.
<table>
<tr><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>नियुक्ति मिति</th><th>निकासा हुनुपर्ने रकम</th><th>निकासा भएको</th><th>अवधि</th><th>बढी निकासा</th></tr>
